# छैटौं वार्षिक साधारण सभा

## निर्णय पुस्तिका (Minute)

मितिः-२०८३ असार ३० गते मंगलवार

स्थान :-ताम्राकार पार्टी भेन्यु, पनौती न.पा. ४, काभ्रेपलाञ्चोक

# छैटौं वार्षिक साधारणसभाको निर्णय तथा कार्यवाही सम्बन्धी विवरण

## १. छैटौं वार्षिक साधारणसभा :

अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड (वित्तीय संस्था) को सञ्चालक समितिको मिति २०८३ असार ०९ गते बसेको १२५औं बैठकको निर्णयानुसार छैटौं वार्षिक साधारणसभा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री बाबुराम थापाज्यूको अध्यक्षतामा बसी देहायबमोजिम सम्पन्न भयो ।

## २. सभाको मिति, समय र स्थान :

२.१ मिति : २०८३ साल असार ३० गते मंगलवार (तदनुसार १४ जुलाई, २०२६),

२.२ समय : बिहान ११:०० बजे,

२.३ स्थान : ताम्राकार पार्टी भेन्यु, पनौती न.पा.-४, काभ्रेपलाञ्चोक ।

**नोट** : छैटौ वार्षिक साधारण सभाको कार्यक्रम तोकिए बमोजिम विहान ११:०० वजे प्रारम्भ भै अपरान्ह १:३० वजे समापन भएको थियो ।

## ३. सभाको सूचना प्रकाशन :

३.१ कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम साधारणसभा हुने मिति, समय, स्थान र छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरू खुलाई मिति २०८३ असार महिनाको १० गते र २२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी शेयरधनी महानुभावज्यूहरुलाई साधारणसभाको जानकारी गराईएको थियो ।

३.२ सञ्चालक समितिको प्रतिवेदन, नाफा नोक्सान हिसाव तथा सोसँग सम्बन्धित अनुसूचीहरू एवम् अन्य प्रस्तावका विषयवस्तुहरू सहितको वार्षिक प्रतिवेदनको विवरण शेयरधनी महानुभावहरुको जानकारीको लागि वित्तीय संस्थाको वेबसाइटमा राखिएको, प्रिन्टेड छैटौं वार्षिक प्रतिवेदन शेयरधनीहरुलाई यथासम्भव चाँडो उपलब्ध गराईएको र प्राप्त गर्न नसक्नु भएका शेयरधनी महानुभावहरुलाई यसै साधारणसभा स्थलमा उपलब्ध भएको व्यहोरा कम्पनी सचिव श्री रेशम न्यौपानेले साधारणसभामा जानकारी गराउनु भयो ।

## ४. उपस्थिति :

### ४.१ सञ्चालकहरू :

| क्र.सं | नाम | पद |
|---|---|---|
| १ | श्री बाबुराम थापा | अध्यक्ष (संस्थापक समूह) |
| २ | श्री भोजराज भट्टराई | सञ्चालक (संस्थापक समूह) |
| ३ | श्री छविन्द्र नाथ शर्मा | सञ्चालक (प्रतिनिधि,नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.) |
| ४ | श्री किशोर कुमार भट्टराई | सञ्चालक (स्वतन्त्र) |
| ५ | श्री निमु शेर्पा | सञ्चालक (संस्थापक समूह) |
| ६ | श्री नारायण प्रसाद प्रसाई | सञ्चालक (सर्वसाधारण समूह) |

### ४.२ आमन्त्रितहरु :

| क्र.सं | नाम | पद |
|---|---|---|
| १ | श्री केशव थापा | पूर्व सञ्चालक |
| २ | श्री यादव चौलागाई | प्रतिनिधि, कुमारी क्यापिटल लिमिटेड |
| ३ | श्री राजकुमार राना | प्रतिनिधि, कुमारी क्यापिटल लिमिटेड |
| ४ | श्री उदय कुमार कोइराला | प्रतिनिधि, कुमारी क्यापिटल लिमिटेड |
| ५ | श्री अजित शाह | प्रतिनिधि, बाह्य लेखापरीक्षक, के.एम.यु. एण्ड एसोसिएटस् |
| ६ | श्री प्रजक्ता खत्री | प्रतिनिधि, बाह्य लेखापरीक्षक, के.एम.यु. एण्ड एसोसिएटस् |

### ४.३ शेयरधनीहरु :

| क्र.सं | विवरण | शेयरधनी | शेयर कित्ता |
|---|---|---|---|
| १ | शेयर संख्या | ४५,८७३ जना | २५,००,०००.०० |
| २ | स्वयं उपस्थिति | ४१ जना | ५,५४,९४१.०० |
| ३ | प्रोक्सी मार्फत् उपस्थिति | ११९ जना | ७,२९,०००.०० |
| ४ | जम्मा उपस्थिति | १६० जना | १२,८३,९४१.०० |
| ५ | उपस्थिति प्रतिशत | ०.३५ | ५१.३६ |

### ४.४ व्यवस्थापकीय पदाधिकारीहरु :

| क्र.सं | नाम | पद |
|---|---|---|
| १ | श्री तेजेन्द्र शर्मा लम्साल | प्रमुख कार्यकारी अधिकृत |
| २ | श्री रेशम न्यौपाने | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३ | श्री कृष्ण वहादुर खड्का | प्रमुख, जनशक्ति व्यवस्थापन तथा तालिम विभाग |
| ४ | श्री बिराट पति नाथ गच्छदार | प्रमुख, कर्जा लगानी तथा असुली विभाग |
| ५ | श्री टोप वहादुर थापा | प्रमुख, लेखा, योजना तथा अनुसन्धान विभाग |
| ६ | श्री मनिष श्रेष्ठ | प्रमुख, सूचना तथा प्रविधि विभाग |
| ७ | श्री रोशन डाँगी | प्रमुख, सामान्य सेवा विभाग |
| ८ | श्री इन्द्र प्रसाद पाण्डे | प्रमुख, आन्तरिक लेखापरीक्षण विभाग |

अभियान लघुवित्त वित्तीय संस्था लि. २०७५ केन्द्रीय कार्यालय

## ५. छलफलका विषय सूचीहरू :

### ५.१ सामान्य प्रस्तावहरु :

(क) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने,

(ख) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्त सम्मको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरणसहित सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने,

(ग) कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८२/०८३ को लेखापरीक्षण गर्नका लागि बाह्य लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने ।

### ५.२ विशेष प्रस्तावहरु :

(क) नियामक निकायको स्वीकृति प्राप्त भएको अवस्थामा जारी गर्नेगरी सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम हाल कायम रहेको चुक्ता पूँजीको १:१ को अनुपातमा प्रति कित्ता रु.१००/- (एक सय रुपैयाँ) का दरले हकप्रद शेयर जारी गर्न स्वीकृत प्रदान गर्ने । साथै उक्त कार्यको लागि सम्बन्धित नियामकीय निकायवाट कुनै फेरबदल वा संशोधनको लागि निर्देशन दिएमा सोही वमोजिम फेरबदल वा संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने,

(ख) यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका अन्य लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) सम्बन्धी प्रकृया अगाडि बढाउन उपयुक्त देखिएमा सो प्रयोजनका लागि समिति गठन गर्ने, मूल्यांङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने, गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने,

(ग) नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका अन्य नियमनकारी निकायहरुबाट स्वीकृति लिने, अभिलेख गर्ने, प्रबन्धपत्र तथा नियमावलीमा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

### ५.३ विविध

## ६. सभाको वैधानिकता र गणपुरक संख्या :

६.१ कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको छैटौं वार्षिक साधारणसभा आह्वान गरिएको र कम्पनी ऐन, २०६३ को दफा ७३ (२) बमोजिम साधारणसभाको लागि बाँडफाँड भएको कूल शेयर संख्याको पचास प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व भएकोले आवश्यक गणपुरक संख्या पुगेको जानकारी कम्पनी सचिवले साधारणसभालाई जानकारी गराउनु भयो ।

६.२ तत्पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपुरक संख्या पुगेको साधारणसभाले मञ्जुर गर्दै पूर्व सूचित साधारणसभाको निर्धारित विषय सूचीको क्रमानुसार जान र तत्सम्बन्धमा प्रचलित ऐन बमोजिम कार्यवाही अगाडि बढाउन साधारणसभा वाट अनुमति प्राप्त भयो ।

## ७. सभाको अध्यक्षता र आसन ग्रहण :

कम्पनी ऐन, २०६३ को दफा ७४ (१) बमोजिम र वित्तीय संस्थाको नियमावलीको नियम १९ (१) अनुसार साधारणसभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नुपर्ने व्यवस्था भए बमोजिम कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री बाबुराम थापाज्यूलाई साधारणसभाको अध्यक्षता ग्रहणको लागि गरिएको अनुरोध बमोजिम अध्यक्षताको आसन ग्रहण गर्नुभयो । साथै सञ्चालकज्यूहरू, अतिथिगण, प्रमुख कार्यकारी अधिकृत लगायत उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई क्रमशः आसन ग्रहण गराइएको थियो ।

## ८. सभाको औपचारिक उद्घाटन :

अध्यक्षज्यूले पानसमा दीप प्रज्वलन गरी साधारणसभाको औपचारिक उद्घाटन गर्नुभयो ।

## ९. राष्ट्रियगान :

राष्ट्रप्रति सम्मानस्वरुप उपस्थित सम्पूर्ण महानुभावहरु राष्ट्रियगानमा सहभागी हुनुभयो ।

## १०. स्वागत मन्तव्य :

साधारणसभामा उपस्थित शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित अतिथि महानुभावहरुलाई प्रमुख कार्यकारी अधिकृत श्री तेजेन्द्र शर्मा लम्सालले वित्तीय संस्थाको वर्तमान अवस्था वारे संक्षेपमा जानकारी गराउनुहुँदै साधारणसभामा पाल्नु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आमन्त्रित व्यक्तित्वहरुलाई हार्दिक स्वागत गर्नुभयो ।

## ११. अध्यक्षज्यूको वार्षिक प्रतिवेदन :

सञ्चालक समितिको तर्फबाट वित्तीय संस्थाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन अध्यक्षज्यूले साधारणसभा समक्ष प्रस्तुत गर्नुभयो । सो प्रतिवेदन प्रस्तुतिको क्रममा वित्तीय संस्थाले हालसम्म गरेको उपलब्धीहरुको चर्चा गर्दै वित्तीय बजारमा भएका अस्वस्थ प्रतिस्पर्धा, लघुवित्त क्षेत्रको बारेमा भएका नकारात्मक प्रचारवाजी लगायतका अनेकौं चुनौती र अप्ठ्याराहरुसंग जुध्दै वित्तीय संस्था अघि बढ्दै आफ्नो सेवाहरु विस्तार गर्दै शेयरधनीहरुलाई प्रतिफल दिन प्रयासरत रहेको धारणा व्यक्त गर्नुभयो । समग्र अर्थतन्त्रको कठिन अवस्थामा समेत वित्तीय संस्थाले सजगताका साथ व्यवसायलाई नियन्त्रित रुपमा विस्तार एवं सुधार गर्दै आएको धारणा व्यक्त गर्नुभयो ।

## १२. शुभकामना मन्तव्य :

वित्तीय संस्थाका पूर्व सञ्चालक श्री केशव थापाले सभामा शुभकामना मन्तव्य दिनुहुँदैं नेपालमा सञ्चालित वित्तीय संस्थाहरुको चुनौतिहरुको वारेमा प्रष्ट पार्दै कठिन परिस्थितिको वावजुद पनि वित्तीय संस्थाले पछिल्लो समयमा संस्थागत बृद्धि र विस्तार हासिल गर्दै आएकोमा धन्यवाद व्यक्त गर्नुभयो । साधारणसभा केवल बिधि पुऱ्याउनको लागि मात्र गरिएको होईन यसमा सम्पूर्ण

शेयरधनीहरुको सुझावको अपेक्षा गरिएको हुन्छ । तसर्थ यहाँहरुको सुझावहरु ग्रहण गर्दै वित्तीय संस्था थप सफल हुने अपेक्षा गर्दछु भन्ने धारणा व्यक्त गर्नुभयो ।

## १३. सभाका प्रस्तावहरु उपर छलफल :

अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवबाट सधारणसभा समक्ष साधारणसभाका प्रस्तावहरु पेश भएपछि उपस्थित शेयरधनी महानुभावहरुलाई आ-आफ्नो जिज्ञासा, प्रश्न एवं सुझाव राख्न कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

## १४. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका जिज्ञाशा एवं सुझावहरुको सारांश :

साधारणसभाको छलफलमा देहायका १३ जना शेयरधनी महानुभावहरुले जिज्ञासा तथा सुझाव राख्नुभएको थियो ।

**जिज्ञाशा/सुझाव राख्ने शेयरधनीहरुको नामावलि :**

| | | |
|---|---|---|
| १. श्री जगन्नाथ आचार्य | २. श्री ईन्द्र लामिछाने | ३. श्री शत्रुधन श्रेष्ठ |
| ४. श्री गोविन्द के.सी | ५. श्री संयोग श्रेष्ठ | ६. श्री बामदेव शाक्य |
| ७. श्री डमरु वल्लभ घिमिरे | ८. श्री निरुपमा गुप्ता | ९. बलराम कोइराला |
| १०. श्री रामजी प्रसाद पण्डित | ११. श्री भेषराज भण्डारी | १२. श्री लक्ष्मण वहादुर श्रेष्ठ |
| १३. श्री सुरेन्द्र चिमौरिया | | |

उल्लिखित शेयरधनी महानुभावहरुले देहाय बमोजिमका जिज्ञासा, सुझाव एंव टिप्पणी सहितको मन्तब्य राख्नु भएको थियो ।

- वित्तीय संस्थाको पछिल्लो वित्तीय विवरण संतोषजनक देखिएकोले त्यसलाई निरन्तता दिनुपर्ने,
- वित्तीय संस्थाको साधारणसभा प्राय जसो असार मसान्तमा हुने गरेकोले पौष मसान्त भित्रमा गर्नुपर्ने,
- हकप्रद शेयर सम्बन्धी प्रस्ताव राम्रो र अहिलेको आवश्यकता रहेको हुँदा सो को स्वीकृतिका लागि नियामक निकायहरुमा पहल गर्नुपर्ने,
- वित्तीय संस्थाले मर्जरको निर्णय गर्दा शेयरधनीहरुको हित हुने भएमा मात्र गर्नुपर्ने,
- हालसम्म वित्तीय संस्थाले शेयरधनीलाई कुनै प्रतिफल नदिएकाले शेयरधनीले प्रतिफल पाउनेगरी कार्य गर्नुपर्ने,
- वित्तीय संस्थाको खराव कर्जा व्यवस्थापनको लागि विशेष रणनीतिको अवलम्बन गर्नुपर्ने,
- वित्तीय संस्थाले शुरु गरेको वित्तीय साक्षरता र केन्द्र प्रमुख गोष्ठीलाई नियमितता दिनुपर्ने,
- वित्तीय संस्थाको हालको सूचक संगैं स्थायित्वमा जोड दिनुपर्ने ।

## १५. जिज्ञासा एवं सुझाव उपर प्रतिउत्तर :

शेयरधनी महानुभावहरुले सभामा व्यक्त गर्नुभएको जिज्ञासा, सुझाव एंव टिप्पणी उपर अध्यक्षज्यूले जवाफ दिनुभएको थियो । सो उपर जवाफ दिदै अध्यक्षज्यूले मन्तब्य व्यक्त गर्नुहुने शेयरधनीहरुलाई सकरात्मक सुझावका लागि धन्यबाद व्यक्त गर्दै शेयरधनीज्यूहरुवाट प्राप्त सुझावहरु कार्यान्वयन गर्ने प्रतिबद्धता साधारणसभा समक्ष व्यक्त गर्नुभयो ।

## १६. सभाका निर्णयहरू :

### १६.१ सामान्य प्रस्ताव सम्बन्धी निर्णयहरु :

(क) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले सभामा पेश गर्नु भएको सञ्चालक समितिको आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन साधारणसभाबाट सर्वसम्मत पारित भयो ।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को वासलात, नाफानोक्सान हिसाव,नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु साधारणसभावाट सर्वसम्मत पारित भयो ।

(ग) कम्पनी ऐनको दफा १११ बमोजिम चालु आ.व. २०८२/०८३ को बाह्य लेखापरीक्षण (Statutory Audit Including LFAR, Tax audit, Certification under Section 78 of Companies Act 2063, Any other deliverables as required under the applicable law and as agreed upon) गर्नको लागि काडमाण्डौं -०४, वालुवाटार, काठमाण्डौं स्थित K.M.U. & Associates लाई लेखापरीक्षण शुल्क, भ्रमण खर्च, दैनिक भ्रमणभत्ता खर्च लगायतका सम्पूर्ण खर्चको लागि भ्याटबाहेक एकमुष्ठ रु.७,००,०००.०० ( सात लाख रुपैयाँ मात्र) भुक्तानी गर्नेगरी वाह्य लेखापरीक्षक नियुक्त गर्न साधारणसभाबाट सर्वसम्मत पारित भयो ।

### १६.२ विशेष प्रस्ताव सम्बन्धी निर्णयहरु :

(क) नियामक निकायको स्वीकृति प्राप्त भएको अवस्थामा जारी गर्नेगरी सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम हाल कायम रहेको चुक्ता पूँजीको १:१ को अनुपातमा प्रति कित्ता रु.१००/- (एक सय रुपैंयाँ) का दरले हकप्रद शेयर जारी गर्न स्वीकृत प्रदान गर्ने साथै उक्त कार्यको लागि सम्बन्धित नियामकीय निकायवाट कुनै फेरबदल वा संशोधनको लागि निर्देशन दिएमा सोहीवमोजिम फेरबदल वा संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव साधारणसभावाट सर्वसम्मत पारित भयो ।

(ख) वित्तीय संस्थाले नेपाल राष्ट्र बैकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका अन्य लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) सम्बन्धी प्रकृया अगाडि बढाउन उपयुक्त देखिएमा सो प्रयोजनका लागि समिति गठन गर्ने, मूल्यांङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने, गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव साधारणसभावाट सर्वसम्मत पारित भयो ।

(ग) नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका अन्य नियमनकारी निकायहरुबाट स्वीकृति लिने, अभिलेख गर्ने, प्रबन्धपत्र तथा नियमावलीमा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गने सम्बन्धी विशेष प्रस्ताव साधारणसभावाट सर्वसम्मत पारित भयो ।

**१६.३ विविध :**

विविध अन्तर्गत छलफल गरी निर्णय गर्नुपर्ने अन्य प्रस्तावहरु नभएकोले यस बिषयमा छलफल गरिएन ।

## १७. धन्यवाद ज्ञापन तथा सभाको समापन :

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएको तथा साधारण सभाका सम्पूर्ण छलफलका विषयहरु पारित भएकोले सभाका अध्यक्ष श्री बाबुराम थापाज्यूलले साधारण सभा सम्पन्न गर्न सहयोग गर्ने नियमनकारी निकाय नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेन्ज लि. विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, आन्तरीक तथा वाह्य लेखापरीक्षक, ग्राहक सदस्यहरु, सञ्चारजगत, व्यवस्थापन पक्ष लगायत सम्पूर्ण कर्मचारीहरूलाई समेत धन्यवाद ज्ञापन गर्नुका साथै आगामी दिनमा सम्पूर्ण शेयरधनीहरुको अपेक्षा बमोजिम वित्तीय संस्थाको हित र प्रर्वद्धनमा अझ लागिपर्ने प्रतिबद्धता व्यक्त गर्दै यस वित्तीय संस्थाको छैटौं वार्षिक साधारणसभा समापन भएको घोषणा गर्नुभयो ।

**रेशम न्यौपाने**
**कम्पनी सचिव**

**बाबुराम थापा**
**अध्यक्ष**

सम्पन्न मिति : २०८३ साल असार ३० गते मंगलवार, तदनुसार १४ जुलाई, २०२६।